# “हरित तथा समावेशी ऊर्जा कार्यक्रम”

## भूमिका

विश्व स्वास्थ्य संगठन (WHO), 2012 को तथ्याङ्क अनुसार अव्यवस्थित रुपमा परम्परागत ठोस जैविक इन्धन प्रयोग गर्दा उत्सर्जन हुने प्रदुषणका कारण २३,०५८ जनाको अकालमै मृत्यु हुने गर्दछ । WHO, 2018 का अनुसार, विश्वका लगभग ३ अरब मानिसहरुले दैनिक खाना पकाऊनका लागि परम्परागत रुपमा जैविक ऊर्जा (दाऊरा, कृषि अवशेष, गुईठा र कोईला) आदिको प्रयोग गरी रहेका छन् र ४० लाख भन्दा बढि मानिसहरुले दैनिक खाना पकाऊदा हुने उत्सर्जन र घरभीत्रको वायु प्रदूषणका कारण विरामीभै अकालमै ज्यान गुमाई रहेकाछन् ।

WHO कै तथ्याङ्क अनुसार, विश्वमा ५ वर्ष भन्दा कम उमेर समूहका अकालमै मृत्यु हुने वालवालिकाहरु मध्ये ५०% भन्दा बढि नीमोनियाका कारण मर्ने गर्दछन् र नीमोनिया घरभित्रको प्रदूषणका कारण फैलिन सहयोग पुग्दछ । वार्षिक विश्वका ३८ लाख मानिसहरुले नसर्ने रोगहरु (हृदयघात, मुटुरोग, chronic obstructive pulmonary disease (COPD) र फोक्सोको क्यान्सर) आदिबाट अकालमा ज्यान गुमाई रहेका छन, जसलाई घरभित्रको वायु प्रदूषणले फैलन सहयोग पुऱ्याउँदछ । अर्कोतर्फ अत्यधिक मात्रामा परम्परागत जैविक वस्तु, परम्परागत प्रविधि र तरिकाले उपयोग गर्दा वातावरणीय विनासका साथै त्यसबाट उत्सर्जन हुने मानव स्वास्थ्यका लागि नकारात्मक विभिन्न खाले ग्याँस/तत्वहरुले मानव स्वास्थ्यमा खराव असरहरु पुऱ्याएका छन् ।

हाल नेपालमा स्रोतको आधारमा ऊर्जाको उपयोग अवस्थालाई हेर्ने हो भने, कुल ऊर्जा खपतको करिब ७७ प्रतिशत ऊर्जा आपूर्ति परम्परागत स्रोतहरु जस्तैः वनजंगल, काठ दाउरा, कृषिजन्य पदार्थ (कृषि उपज, गोबर गुइठा) आदिबाट (स्रोतः जैविक उर्जा रणनीति २०१७) तथा लगभग ३ प्रतिशतको हाराहारीमा अन्य नविकरणीय ऊर्जा स्रोतहरुबाट आपूर्ति भैरहेको छ (स्रोतः जल, तथा उर्जा आयोग २०१६) ।

यसरी हाम्रो देशको ऊर्जा उपयोग मिश्रण अनुपात एकतर्फी खाले रहेको छ । जसले गर्दा निकट भविष्यमा देशमा ऊर्जा संकट नआउला भन्न सकिदैन् । त्यो ऊर्जा संकट आउन नदिन सबैले सचेत हुन आवश्यक देखिन्छ । ऊर्जा उपयोग र त्यसबाट हुने वातावरणीय तथा मानविय नकारात्मक असरहरुको न्यूनिकरणका लागि अबको हाम्रो ऊर्जा लक्ष्य नीति र कार्यक्रमहरु खनिज उर्जाको साटो नविकरणीय ऊर्जा तर्फ लक्षित हुन आवश्यक छ ।

ग्रामीण प्रविधि केन्द्रले ENERGIA/Hivos नेदरल्याण्डको आर्थिक तथा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको नीतिगत सहयोगमा सन् २०१६ देखि **“हरित तथा समावेशी ऊर्जा कार्यक्रम” (Green and Inclusive Energy Program (Nepal Project) in Nepal)** नेपालका जिल्लाहरुः उदयपुर, सिन्धुली, ललितपुर, काभ्रे, नवलपुर, पाल्पा र गुल्मीका केहि गाँऊ तथा नगरपालिकाहरुमा विभिन्न किसिमका अभिमूखिकरण कार्यक्रमहरु विभिन्न स्तरमा सफलता पूर्वक सञ्चालन गर्दै आईरहेको छ ।

### कार्यक्रमका ऊद्देश्यहरु

***सैद्धान्तिक उद्देश्यः*** हरित, समावेशी तथा जवाफदेही ऊर्जा नीतिको प्रवर्द्धन गर्दै सबैलाई स्वच्छ उर्जा उपलब्ध गराउनका लागि प्राविधिक सेवा वा वित्तिय सवालहरुलाई सम्बोधन गर्ने खाले ऊर्जा नीतिहरुको स्थापना गर्ने रहेको छ ।


कार्यक्रमको विशिष्ट उद्देश्यहरुः

१. संयुक्त राष्ट्र संघको "सबैको लागि दिगो ऊर्जा" क्रियाकलाप चक्रमा लैङ्गिक उत्तरदायी सवालहरु एकिकृत गर्नका लागि पैरवी र वकालत गर्नु ।

२. नागरिक समाज संस्थाहरुमा कार्यदक्षता सहित प्रभावकारी रुपमा लैङ्गिक सवालहरुको सम्बोधन गर्दै ऊर्जा परियोजनाहरु कार्यान्वयन क्षमताको अभिबृद्धि गरि सक्षम बनाउनु ।

यस हरित तथा समावेशी ऊर्जा कार्यक्रमले, यसको निरन्तरता र दिगोपनाका लागि एकातीर ऊर्जा योजनामा लैङ्गिक तथा अवसरबाट वञ्चित समुदायहरुको समावेशीताका साथै ऊर्जा स्रोतहरुको उपयोगमा पनि समावेशीताका लागि विभिन्न तहका नीति निमार्ताहरु (गाँऊ तथा नगरपालिका, प्रदेश तथा केन्द्र सरकार, सरोकारवाला निकाय र नागरीक समाज) सँग अन्तरक्रिया, छलफल तथा अनुकूल नीति निर्माणका लागि पैरवी गर्दछ भने, अर्को तर्फ महिलाहरुको उद्यमशिल क्षमता अभिबृद्धि गरि आय आर्जनमा टेवा पुऱ्याऊन र ऊर्जाको उत्पादनमूलक उपयोग बढाउन ऊर्जामा आधारित उद्यम प्रवर्द्धनका लागि सचेतिकरणका क्रियाकलापहरु पनि सञ्चालन गर्दछ । यसका साथै ऊर्जामा नीजि क्षेत्र र वित्तिय संस्थाहरुको सहभागिताका लागि संयोजनकारी भूमिकालाई पनि प्राथमिकता दिइएको छ ।

## लक्षित समुह र क्रियाकलाप




## सहकार्यमा संलग्न साझेदार संस्थाहरु

कार्यक्रममा साझेदार संस्थाहरुको छनौट क्षेत्रगत विज्ञता तथा नेतृत्वदायी भूमिका निर्वाह क्षमताको आधारमा गरिएको छ । यी संस्थाहरु **"सफा ऊर्जा सफा घर, स्वस्थ अनि समृद्ध परिवार"** मा समावेशी अवधारणा विस्तारका लागि, अनुकूल नीति निर्माण गर्न विभिन्न क्षेत्रमा पैरवी सहित विकास प्रक्रियामा सहभागि छन्-

- सामुदायिक विद्यूत उपभोक्ता राष्ट्रिय महासंघ, **(NACEUN)** नेपाल- ऊर्जा उपभोक्ताहरुको प्रतिनिधि संस्था ।
- नेपाल वातावरण पत्रकार समूह **(NEFEJ)** – संचार क्षेत्रको प्रतिनिधि संस्था ।
- घरभित्रको वायुप्रदुषण तथा स्वास्थ्य मञ्च **(IAPHF)** –ऊर्जा उपयोग प्रक्रियामा उत्सर्जीत प्रदुषणले मानव स्वास्थ्यमा पार्ने तथा पारेको नकारात्मक असरहरु बारेमा विद्वत प्रतिनिधि संस्था ।
- नविकरणीय ऊर्जा परिसंघ, नेपाल (**RECON**) नविकरणीय ऊर्जा प्रवर्द्धनका लागि नीजि क्षेत्रका साना तथा मझौला ब्यबसायीहरु, सेवा प्रदायक ब्यबसायी संस्थाहरुको प्रतिनिधि संस्था । साना तथा मझौला व्यवसायीहरु, सेवा प्रदायक व्यवसायी संस्थाहरुको प्रतिनिधि संस्था ।

- प्राक्टिल एक्शन-रिसर्च पार्टनर

नीति तथा कार्यक्रम योजना निर्माणका लागि नेतृत्वदायी निकायहरु- केन्द्रिय, प्रदेश, स्थानीय सरकारी नीकायहरु, राष्ट्रिय योजना आयोग, ऊर्जा तथा वातावरण, महिला, स्वास्थ्य मन्त्रालय, संचार माध्यम, नागरीक समाज संस्था, वित्तिय संस्था एवं स्थानीय गाऊँ/नगर पालिकाहरुसँग निरन्तर समन्वय र सहकार्य ।

**<u>नीतिगत व्यवधान/अप्ठ्याराहरु</u>**

- उर्जामा लैङ्गिक सम्बन्धि विशेष नीति नहुनु
- जलविद्युत बाहेक अन्य उर्जा क्षेत्रमा कम महत्व दिईनु
- उत्पादनमुलक उपयोगका लागि उर्जामा कम महत्व दिईनु
- सम्बन्धित क्षेत्रमा दक्ष जनशक्ति विकासका लागि योजना नहुनु
- महिलाहरुलाई परिवर्तनकारी एजेण्टको सट्टा उपभोक्ताको रुपमा लिईनु

**<u>ऊर्जा क्षेत्रमा देखिएका समस्या समाधान लागि केहि सुझावहरु</u>**

१. नीतिमा परिमार्जन

- सफा ऊर्जा प्रवर्द्धन र विस्तारका लागि वित्तिय तथा नीजि क्षेत्रका सक्रिय सहभागिता
- सफा ऊर्जा उपयोग प्रोत्साहनका लागि सहुलियत ब्याजदरको ऋण सुविधा

२. केन्द्रिय, प्रादेशिक सरकार तथा स्थानिय सरकारको ससदमां

- सफा ऊर्जा प्रवर्द्धनका लागि संकल्प प्रस्ताव
- नविकरणीय तथा सफा ऊर्जा प्रवर्द्धनका लागि छलफल

३. विधान सभा सदस्यहरुको बजेट सफा ऊर्जा प्रवर्द्धनका लागि विउपुजीको रुपमा परिचालन

४.ऊर्जा सामाजिक तथा आर्थिक परिवर्तनका एजेण्डा भएकोले ऊर्जालाई राजनैतिक एजेण्डा बनाईनु पर्ने ।

**निश्कर्ष**

यस परियोजनाले विपन्न, महिला, सिमान्तकृत समुदायको घरायसी/उत्पादन मुलक उर्जाको आवश्यकता परिपूर्ति गर्न विकेन्द्रिकृत ऊर्जा प्रणालिको विकास तथा प्रवर्धन गर्नुका साथै, क) उपभोक्ताहरुको सुचना/क्षमता अभिबृद्धि ख) निजी क्षेत्र तथा सेवा प्रदायक संस्थाहरुको क्षमता अभिबृद्धि ग) उर्जामा सबैको पहुँच सूनिश्चित गर्न समावेशी नीति निमार्णका लागी नीतिनिर्माता/योजनाकारहरुसँग पैरबी गर्दै, सयुक्त राष्ट्रसंघको ‘‘सबैका लागी दिगो उर्जा '' अभियानमा पनी सहयोग पुऱ्याउने छ ।